// राप्ती सोनारी राजपत्र

राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या २५ मिति २०८०/०७/२४

भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

राप्तीसोनारी गाउँपालिका स्वयंसेवक परिचालन निर्देशिका, २०८०

# राप्तीसोनारी गाउँपालिका स्वयंसेवक परिचालन निर्देशिका, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०७/२२

प्रमाणीकरण मितिः२०८०/०७/२४

प्रस्तावनाः

राप्तीसोनारी गाउँपालिकाले विभिन्न विषयगत क्षेत्रको विकासमा लिएका लक्ष्यहरु हासिल गर्नका लागि स्वयंसेवक परिचालन तथा स्वयंसेवकको प्रवर्द्धन गरी विकास कार्यक्रम तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कामहरु प्रभावकारी रुपमा सञ्चालन गर्न गरिने स्वयंसेवकहरुको परिचालन व्यवस्थित गर्न वाच्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा राप्तीसोनारी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ को दफा २८ समेतले दिएको अधिकार प्रयोग गरी राप्तीसोनारी गाउँपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद — १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ.

(१) यो निर्देशिकाको नाम राप्तीसोनारी गाउँपालिका स्वयंसेवक परिचालन निर्देशिका, २०८० रहेको छ ।

(२) यो निर्देशिका राप्तीसोनारी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिका —

(क) निर्देशिका भन्नाले राप्तीसोनारी गाउँपालिकामा स्वयंसेवक परिचालन निर्देशिका, २०८० सम्झनुपर्छ ।

(ख) स्वयंसेवक भन्नाले व्यक्तिगत स्वार्थका निम्ति आर्थिक सामाजिक तथा राजनीतिक फाइदाबाट उत्प्रेरित नभईकन स्वेच्छाले निःस्वार्थ रुपमा परम्परागत रुपमा समाजमा विद्यमान रहेको तथा व्यावसायिक र सङगठित रुपले सञ्चालन भइरहेको स्वयंसेवी क्रियाकलापहरुलाई सम्झनुपर्छ ।

(ग) स्वयंसेवक भन्नाले यो कार्यविधिबमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवं यस सम्बन्धित मानवीय सेवाको काम र अन्य काममा स्वेच्छाले पारिश्रमिक नलिई खटिने जनशक्ति सम्झनुपर्छ ।

(घ) गाउँपालिका भन्नाले राप्तीसोनारी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) ऐन भन्नाले राप्तीसोनारी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ सम्झनुपर्छ ।

(च) सङ्घीय ऐन भन्नाले नेपालको सङ्घीय संसदले बनाएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संसोधन सहित) सम्झनुपर्छ ।

(छ) कार्यपालिका वा गाउँपालिका भन्नाले राप्तीसोनारी गाउँपालिका कार्यपालिकालाई सम्झनुपर्छ ।

(ज) नियम भन्नाले राप्तीसोनारी गाउँपालिकाले बनाएको विपद् व्यवस्थापन नियमलाई सम्झनुपर्छ ।

(झ) प्राधिकरण भन्नाले सङ्घीय ऐनको दफा १० बमोजिम गठित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

(ञ) गाउँपालिका स्वयंसेवक परिचालन समिति भन्नाले यो निर्देशिकाको परिच्छेद ३ बमोजिम गठन भएको गाउँपालिका स्वयंसेवक परिचालन समिति सम्झनुपर्छ ।

(ट) सूचीकरण भन्नाले स्वयंसेवक वा स्वयंसेवक सङ्गठित गरी परिचालन गर्ने संघ,संस्था वा निकायलाई यस निर्देशिका बमोजिम गाउँपालिका स्वयंसेवक परिचालन समितिमा आबद्ध गर्ने प्रकृया र त्यसको तथ्याङ्क व्यवस्थापनलाई सम्झनुपर्छ ।साथै यस शब्दले स्वयंसेवक वा स्वयंसेवक सङ्गठित गरी परिचालन गर्ने संघ संस्था वा निकायलाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा प्रविष्ट गर्ने प्रकृया र परिणामलाई सम्झनुपर्छ । जस्तै : विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथ्याङ्क प्रणाली ।

## परिच्छेद- २

## प्रारम्भिक स्वयंसेवक परिचालनका उद्धेश्य तथा क्षेत्र

३. स्वयंसेवक परिचालनका उद्धेश्य :

(१)यस निर्देशिकाको मूख्य उद्धेश्य राप्तीसोनारी गाउँपालिकामा विपद् व्यवस्थापन लगायत कामका लागि स्वयंसेवकहरुको संस्थागत विकास र परिचालन गरी राप्तीसोनारी गाउँपालिकाको विपद् व्यवस्थापन क्षमता सुदृढ गर्नु हो ।

(२)यस निर्देशिकाको विशिष्ट उद्धेश्यहरु देहाय बमोजिम रहेका छन् ।

क. राप्तीसोनारी गाउँपालिकाको विकास तथा विपद् व्यवस्थापन लगायत विभिन्न क्षेत्रमा स्वयंसेवाको संस्थागत विकास गर्नु ।

ख. स्वयंसेवक तथा स्वयंसेवकमा आधारित संघसंस्थाहरुलाई स्वयंसेवक परिचालन समितिमा सङ्गठित गरी उनीहरुको सेवालाई संस्थागत गर्नु ।

ग. विभिन्न विधाका स्वयंसेवकहरुको सीप, दक्षता, अनुशासन र अन्य आवश्यक क्षमता विकास गर्नु ।

घ. राप्तीसोनारी गाउँपालिकामा विभिन्न संघ, संस्था, समूहमा सङ्गठित स्वयंसेवकहरु र स्वयंसेवक परिचालन गर्ने संघ, संस्था निकायका प्रयासलाई एकीकृत व्यवस्थित र सुदृढकरण गर्नु ।

ङ. विकास कार्यक्रम तथा विपद् व्यवस्थापनमा परिचालन हुने स्वयंसेवक परिचालन व्यवस्थित गर्नु ।

४. स्वयंसेवक परिचालनका मार्गदर्शक सिद्धान्तहरुः

(१)यस निर्देशिका बमोजिम सङ्गठित स्वयंसेवक, स्वयंसेवक समूह, स्वयंसेवक परिचालन गर्ने संघसंस्था वा गाउँ स्वयंसेवक परिचालन समिति कार्यसम्पादन गर्दा देहायका मार्गदर्शक सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ ।

क. मानवताका सिद्धान्तहरु

ख. सबै सरोकारवालाहरुको समुचित सहभागिता

ग. समुदायसँग तथा सम्बन्धित संघ संस्था बीच परस्पर सहकार्य

घ. लैङ्गिक तथा सामाजिक समावेशीकरण

ङ. ऐक्यबद्धता

च. निष्पक्षता

छ. तटस्थता

(२)उपदफा (१) मा उल्लिखित मार्गदर्शक सिद्धान्त स्वयंसेवाका लागि खटिने स्वयंसेवक तथा सम्बन्धित सबैले पालना गर्नुपर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित मार्गदर्शक सिद्धान्त बमोजिम रासीसोनारी गाउँपालिका स्वयंसेवक व्युरोले स्वयंसेवकले पालना गर्नुपर्ने साथै स्वयंसेवक सङ्गठित गर्ने र परिचालन गर्ने संघ, संस्था निकायले पालना गर्नुपर्ने नियम, कार्यविधि वा आचारसंहिता तयार गरी लागु गर्नेछ ।

(४) उपदफा (३) बमोजिम नियम, कार्यविधि, आचारसंहिता तयार गर्दा अन्तर्राष्ट्रिय कानुन र मान्यता, नेपालका प्रचलित कानुन, समुदायका संस्कार, लैङ्गिक समता, अपाङ्गता भएकाहरुको आधारभुत मानव अधिकारको रक्षा आदि विषयलाई समेत ध्यान दिनुपर्नेछ ।

(५) स्वयंसेवक सङ्गठन तथा परिचालन गर्दा विपद् जोखिमका हिसाबले अति संकटासन्न अवस्थामा रहेका महिला, बालबालिका, अल्पसंख्यक, अपाङ्गता भएका, जनजाती र दलित व्यक्ति तथा समुदाय, सूचना तथा सेवाको पहुँचबाट टाढा रहेका वर्गको जीवनस्तर माथि उठाउन र विपद् उत्थानशील समुदाय निमार्ण गर्न प्राथमिकता दिनुपर्नेछ ।

५. विपद् व्यवस्थापनमा स्वयंसेवाका विषयगत क्षेत्रः

(१)स्वयंसेवक आवश्यक पर्ने कामको प्रकृति र सीप अनुसार स्वयंसेवकको देहायका विधामा सामान्य,विशेष दक्षता र विशिष्टिकृत सेवाका लागि स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

क. पूर्वसूचना तथा पूर्वसूचनामा आधारित जोखिम न्यूनीकरण र उद्धार ।

ख. प्राथमिक उपचार तथ आधारभूत स्वास्थ सेवा ।

ग. अग्नी नियन्त्रण एवं उद्धार।

घ. प्रकोपको किसिम अनुसार विशिष्टिकृत खोज तथा उद्धार। जस्तैः बाढी, पहिरो, आगलागी, सडक दुर्घटना, हवाई दुर्घटना आदि।

ङ. सचेतना, सूचना सम्प्रेषण र सञ्चार व्यवस्थापन ।

च. प्रकोप क्षतिको द्रुत मूल्याङ्कन, विपद् प्रभावितहरुको तत्कालीन जीवनयापन गर्न आवश्यक सहायता लेखाजोखा ।

छ. सामाजिक सुरक्षा तथा मनोसामाजिक परामर्श ।

ज. खाद्य सामग्री व्यवस्थापन तथा वितरण ।

झ. गैरखाद्य राहत सामग्री व्यवस्थापन तथा वितरण ।

ञ. अस्थायी आश्रयस्थल क्याम्प वा क्वारेन्टाइन व्यवस्थापन ।

ट. जोखिममा रहेका महिला, बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएकाहरुको सहायता, हेरचाह तथा संरक्षण ।

ठ. बन्दोबस्ती तथा आवागमन व्यवस्थापन ।

ड. खानेपानी तथा स्वास्थ्य र सरसफाई र शिक्षासम्बन्धी काम ।

ढ. सामुदायिक विकास, वातावरण संरक्षण साथै अन्य सामाजिक कार्यहरु ।

ण. गाउँपालिका स्वयंसेवक परिचालन समितिले तोकेका अन्य विधा ।

त. सार्वजनिक सम्पतिको संरक्षण ।

(२) उपदफा (१) बमोजिमका विधामा परिचालन गरिने स्वयंसेवक दफा १२ (१) बमोजिम सङ्गठित भएको हुनुपर्नेछ ।

## परिच्छेद — ३

## प्रारम्भिक राप्तीसोनारी गाउँपालिका स्वयंसेवक परिचालन समितिको गठन र सञ्चालनसम्बन्धी व्यवस्था

६. राप्तीसोनारी गाउँपालिका स्वयंसेवक परिचालन समिति गठन र सञ्चालनः

(१) राप्तीसोनारी गाउँपालिकाको विपद् व्यवस्थापन समितिका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा देहायबमोजिम स्वयंसेवक परिचालन समिति गठन गरिनेछ ।

क. राप्तीसोनारी गाउँपालिकाको विपद् व्यवस्थापन समितिले तोकेको पदाधिकारीः संयोजक ।

ख. वडा विपद् व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट स्थानीय विपद् व्यवस्थापन समितिले मनोनयन गरेका २ जना : सदस्य।

ग. स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु मध्येबाट समितिको बैठकले तोकेको २ जना महिला : सदस्य ।

घ. प्रतिनिधि, स्थानीय प्रहरी कार्यालय : सदस्य ।

ङ. प्रतिनिधि,नेपाल रेडक्रस सोसाईटी : सदस्य ।

च. राप्तीसोनारी गाउँपालिका स्थित नेपाल उद्योग वाणिज्य संघ, नेपाल स्काउट,नेपाल जेसिज, रोटारी क्लव, युवा क्लव, खेल तथा साँस्कृतिक क्लव, धार्मिक, साँस्कृतिक तथा सामाजिक संघ संस्था मध्येबाट राप्तीसोनारी गाउँपालिकाको अध्यक्षले मनोनयन गरेका कम्तीमा १ जना महिलासहित ३ जना : सदस्य ।

छ. मानवीय क्षेत्रमा क्रियाशील व्यक्ति वा संघ संस्थाका प्रतिनिधिमध्येबाट संयोजकले तोकेका एकजना महिला सहित ३ जना प्रतिनिधि : सदस्य ।

ज. राप्तीसोनारी गाउँपालिकाले विपद्सम्बन्धी काम गर्न तोकेका अधिकृत कर्मचारीः सदस्य सचिव।

(२) माथि (१) बमोजिम गठन भएको स्वयंसेवक परिचालन समितिले पदाधिकारीहरु मध्येबाट संयोजकले कम्तीमा १ जना महिलासहित ४ जना सदस्य र सदस्य सचिव गरी जम्मा ५ जना रहेको सहजीकरण समिति गठन गरी स्वयंसेवक परिचालन समितिको कार्यकारी अधिकार प्रदान गर्न सक्नेछ ।

(३) माथि २ बमोजिम गठन भएको कार्यवाहक समितिले गरेका निर्णयहरु र सम्पादन गरेका कामहरुको विवरण स्वयंसेवक परिचालन समितिको आगामी बैठकमा छलफल र अनुमोदन तथा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

७. स्वयंसेवक परिचालन समितिको बैठकसम्बन्धी व्यवस्थाः

(१) संयोजकको अध्यक्षतामा राप्तीसोनारी गाउँपालिका स्वयंसेवक परिचालन समितिको बैठक सामान्यतया तीन महिनामा एक पटक बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ। संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(२) बैठक सञ्चालनको कार्यविधि स्वयंसेवक परिचालन समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(३) कार्यवाहक समितिको बैठक संयोजकले तोकेको समय र स्थानमा बस्नेछ ।

८. स्वयंसेवक परिचालन समितिको काम,कर्तव्य र अधिकारः

(१)स्वयंसेवक परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. स्वयंसेवक विकास तथा परिचालनको लागि आवश्यक नीति ,रणनीति,वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत भएपछि कार्यान्वयन गर्ने ,गराउने ।

ख. वडा साथै आवश्यकता अनुसार सम्बन्धित समुदायमा स्वयंसेवक समिति,स्वयंसेवक समूहको गठन ,आवश्यक क्षमता विकास (तालिम अभ्यास आदि) सञ्चालन र परिचालनको व्यवस्थापन गर्ने ,गराउने ।

ग. विभिन्न विकास तथा सामाजिक कार्यक्रम र योजनाहरुमा सम्बन्धित विधाका स्वयंसेवक परिचालन गर्ने, गराउने ।

घ. विभिन्न विधामा काम गर्ने स्वयंसेवक विकास गर्ने सङ्गठित गर्ने तथा परिचालन गर्न रेडक्रस लगायतका संघ संस्था एवं तिनमा आवद्ध स्वयंसेवकलाई सूचीकृत गर्ने ,गराउने ।

ङ. विपद् प्रतिकार्यको लागि यसको मात्रा प्रकृति र प्रभाव अनुसार जिल्ला स्वयंसेवक सञ्जाल तथा प्रदेश स्वयंसेवक ब्युरोसँग समन्वय गरी थप स्वयंसेवक सहायता परिचालन गर्ने ।

च.स्वयंसेवकहरुको क्षमता विकास र साधन स्रोतको बन्दोबस्तीका लागि संघ संस्था निजी क्षेत्रसँग सहकार्य गर्न ।

छ. स्वयंसेवकको क्षमता विकास र साधन स्रोतका लागि गाउँपालिकामार्फत प्राधिकरण वा प्रदेश सरकारसँग सहयोग माग गरी परिचालन गर्ने ।

ज. अन्य आवश्यक काम गर्ने ।

(२) स्वयंसेवक परिचालन समितिले स्वयंसेवकको क्षमता विकास साधन स्रोतको बन्दोबस्ती र परिचालन लगायतका कार्यक्रम सञ्चालन गर्दा रेडक्रस लगायतका गैरसरकारी संघ संस्था सम्बन्धित उपभोक्ता समिति र निजी उद्योग व्यवसायिक क्षेत्रसँग सहकार्य गर्न सकिनेछ ।

९. स्वयंसेवक परिचालन समितिको सचिवालय सम्बन्धी व्यवस्था :

(१) स्वयंसेवक परिचालन समितिको सचिवालय गाउँपालिकाले तोकेको स्थानमा रहनेछ ।

(२) स्वयंसेवक परिचालन समितिको सचिवालयमा काम गर्ने आवश्यक जनशक्ति र साधन स्रोतको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

१०. वडा स्वयंसेवक समिति गठन र सञ्चालन :

क. वडा विपद् व्यवस्थापन समितिले वडास्तरमा वडा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा स्वयंसेवक समूह साथै सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरु समावेश गरी छरितो सङ्ख्यामा वडा स्वयंसेवक समिति गठन गरी सञ्चालन गर्न सकिनेछ ।

ख. समुदाय र वडास्तरको स्वयंसेवी समूहको सिप विकास गर्दा सम्बन्धित विधाको ज्ञान सिपका साथै वालवालिका, बृद्धबृद्धा, अपाङ्ग, महिला लगायतका विपद्को जोखिम बढी भएका समूहलाई दिनुपर्ने प्राथमिकता र विशिष्टिकृत सहयोगका बारेमा समेत प्रशिक्षण दिनुपर्नेछ ।

ग. स्वयंसेवी समूहमा महिला तथा विपद् जोखिममा रहेका समुदायका मानिसहरुलाई सङ्गठित गर्न प्राथमिकता दिनुपर्नेछ ।

घ. वडा स्वयंसेवक समितिको बैठक सामान्यतया वर्षको कम्तीमा ४ पटक बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ । संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

ङ. बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

च. बैठकको निर्णय सामान्यतया सर्वसम्मत वा बहुमतको आधारमा गरिनेछ । यदि बहुमतको आधारमा हुन नसकी मत बराबर भई बाझिएमा संयोजकको मत निर्णायक हुनेछ ।

छ. वडा स्वयंसेवक समितिको भूमिका जिम्मेवारी तथा उत्तरदायित्व स्वयंसेवक परिचालन समितिले तोके बमोजिम हुनेछ ।

११. समुदायमा स्वयंसेवक समूह गठन र परिचालनः

(१) समुदायमा बसोबास गर्ने स्वयंसेवकहरु मध्येबाट छनोट भएका व्यक्तिको संयोजकत्वमा स्वयंसेवक समूहको गठन गर्न सकिनेछ।स्वयंसेवक समूहलाई कामको प्रकृति अनुसार परिच्छेद ४ बमोजिम विभिन्न विधामा वर्गीकरण गर्न सकिनेछ।

(२) स्वयंसेवी समूहमा महिला तथा विपद् जोखिममा रहेका समुदायका मानिसहरुलाई सङ्गठित गर्न प्राथमिकता दिनुपर्नेछ ।

(३) समुदाय र वडास्तरको स्वयंसेवी समूहको क्षमता विकास गर्दा सम्बन्धित विधाको ज्ञान सीपका साथै वालवालिका, बृद्धबृद्धा, अपाङ्ग महिलालगायतका समूहलाई दिनुपर्ने प्राथमिकता र विशिष्टिकृत सहयोगका बारेमा समेत प्रशिक्षण दिनुपर्नेछ ।

(४) स्वयंसेवक समूहको बैठक आवश्यकताअनुसार हुनेछ । संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्नेछ।

(५) स्वयंसेवक समूहको भूमिका जिम्मेवारी र उत्तरदायित्व स्वयंसेवक ब्युरोले तोकेबमोजिम हुनेछ ।

१२. स्वयंसेवक सङ्गठित गर्ने र परिचालन गर्ने संघ, संस्था, निकाय :

(१) प्रचलित कानुन बमोजिम स्थापना र राप्तीसोनारी गाउँपालिका क्षेत्रमा सञ्चालन भएका सामाजिक सेवाका विभिन्न विधामा काम गर्ने संघ संस्था वा निकायले स्वयंसेवकहरु सङ्गठित गर्न र परिचालन गर्न सक्नेछन् ।

(२) उपदफा (१)बमोजिम स्वयंसेवक सङ्गठन र परिचालन गर्ने संघ संस्था वा निकायले स्वयंसेवक परिचालन समितिबाट अनुमति लिनुपर्नेछ ।

(३) स्वयंसेवक सङ्गठन र परिचालन गर्ने संघ संस्था वा निकायले निर्धारित स्तर बमोजिमको सीप, दक्षता, ज्ञान र अन्य क्षमता विकास गर्न स्वयंसेवकलाई आवश्यक तालिम, शिक्षा, अभ्यास गर्नु गराउनुपर्नेछ ।

(४) स्वयंसेवक सङ्गठन र परिचालन गर्ने संघ संस्था वा निकायले आफुसँग सङ्गठित वा आबद्ध स्वयंसेवकको विवरण अनुसूची – २ मा तोकिएको ढाँचामा पेश गरी स्वयंसेवक परिचालन समितिमा सूचीकृत गर्नुपर्नेछ ।

(५) स्वयंसेवक परिचालन समितिले उपदफा ४ बमोजिम आफुसँग सूचीकृत भएका स्वयंसेवक र उनीहरु सङ्गठित भएको संघ संस्था वा निकायहरुको विवरण राप्तीसोनारी गाउँपालिकाको तथ्याङ्क प्रणाली प्रविष्ट गरी सोको अभिलेख सर्वसाधारणको पहुँच हुनेगरी प्रकाशन गर्नुपर्नेछ ।

(६) स्वयंसेवकले आफू सङ्गठित वा आबद्ध भएको संस्था परित्याग गरी अन्य संस्थामा सङ्गठित हुन सक्नेछ ।एउटा स्वयंसेवी संस्थामा सङ्गठित वा आवद्ध भएको स्वयंसेवकले सो संस्था परित्याग नगरी अर्को संस्थामा सङ्गठित वा आवद्ध हुन पाउने छैन ।

(७) आफुसँग सङ्गठित वा आवद्ध स्वयंसेवकले संस्था परित्याग गरेमा वा नयाँ स्वयंसेवक सङ्गठित वा आवद्ध भएमा सम्बन्धित संघ संस्था वा निकायले स्वयंसेवक परिचालन समितिमा जानकारी गराई उपदफा ४ र ५ बमोजिम विवरण अध्यावधिक गर्नुपर्नेछ।

(८) अन्य जिम्मेवारी परिचालन समितिले निर्धारण गरे बमोजिम हुनेछन्।

१३. स्वयंसेवकको काम कर्तव्य र जिम्मेवारी :

(१) स्वयंसेवकको काम कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछ ।

क. दिइएको कार्य विवरणअनुसारको काम कर्तव्य र जिम्मेवारी पुरा गर्ने।

ख. नेपाल सरकारको प्रचलित कानुन र स्वयंसेवकको आचारसंहिता पालना गर्ने ।

ग. आफूले दिएको सेवाको अभिलेख आफूले राख्ने आफु आवद्ध संस्थामा तोकिएको ढाँचामा समयमा उपलब्ध गराउने ।साथै आवश्यकताअनुसार सम्बन्धित समिति वा परिचालन समितिमा उपलब्ध गराउने ।

घ. अन्य तोकिएको जिम्मेवारी पुरा गर्ने ।

(२) स्वयंसेवक परिचालन समितिले विभिन्न विधामा काम गर्ने स्वयंसेवकहरुले व्यक्तिगत तथा समूहमा गर्नुपर्ने काम कर्तव्य र जिम्मेवारी तोकिएको कार्यशर्त तयार गरी लागु गर्नेछ ।

## परिच्छेद — ४

## प्रारम्भिक स्वयंसेवक परिचालन सम्बन्धी ब्यवस्था

१४. नियम, मापदण्ड र आचारसंहिता पालन गर्नुपर्नेः

(१) स्वयंसेवकको परिचालन सम्बन्धमा यो निर्देशिका र प्रचलित कानुनको अधिनमा रही स्वयंसेवक परिचालन समितिले आवश्यक विधि, मापदण्ड आचारसंहिता तयार गरी लागु गरिनेछ ।

(२) उपदफा १ बमोजिम स्वयंसेवक परिचालन समितिले अनुशासन कार्यविधि तथा मापदण्ड आचारसंहिता आदि जारी गर्दा प्रदेश तथा राष्ट्रिय स्वयंसेवक परिचालन समितिले तय गरेका प्रावधानहरुसँग नबाझिने गरी वा तादम्य हुने गरी गर्नुपर्नेछ।

(३) परिचालन समितिले लागु गरेका नियम मापदण्ड तथा आचारसंहिता सम्बन्धित संघसंस्था विकाय र स्वयंसेवकहरुले पालना गर्नुपर्नेछ ।

(४) जारी गरिएका नियम मापदण्ड आचारसंहिता एवं अनुशासन पालना नगर्ने संघसंस्था निकाय र स्वयंसेवकहरुलाई परिचालन समितिले कारवाही गर्न सक्नेछ ।

(५) स्वयंसेवकलाई परिचय पत्र उपलब्ध गराउनुपर्नेछ ।

१५. विज्ञहरुबाट स्वयंसेवा लिन सकिने :

(१) विभिन्न विषयको अनुसन्धान वा विभिन्न कामको योजना तयार गर्न वा कार्यान्वयन गर्न सहयोग गर्न परिचालन समितिले सम्बन्धित विषयमा विज्ञता हासिल गरेका नेपाली नागरिकलाई स्वयंसेवकका रुपमा परिचालन गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिम परिचालन हुने स्वयंसेवकको काम कर्तव्य र निजले पुरा गर्नुपर्ने दायित्व स्थानीय तहको सम्बन्धित निकायले निजलाई उपलब्ध गराएको कार्यशर्त वा कार्यसूची बमोजिम हुनेछ ।

(३) उपदफा १ बमोजिम परिचालन हुने स्वयंसेवकको सुविधा सम्बन्धित निकायले तोकेबमोजिम वा निज सङ्गठित संस्थाले उपलब्ध गराउने हकमा उक्त संस्थाले तोकेबमोजिम हुनेछ।

१६. स्वयंसेवकको योग्यताः

(१) दफा १३ बमोजिमका विभिन्न विधामा सेवा गर्ने स्वयंसेवकको न्यूनतम योग्यता स्वयंसेवक परिचालन समितिले तोके बमोजिम हुनेछ ।

(२) उपदफा १ बमोजिम योग्यता निर्धारण गर्दा राष्ट्रिय स्वयंसेवक ब्युरोले निर्धारण गरेको कार्यविधि आधार र मापदण्डका आधारमा गर्नुपर्नेछ ।

(३) स्वयंसेवकको दक्षता र योग्यताको आधारमा स्तर निर्धारण गरिनेछ । यस्तो स्तर र तोकिएको स्तरको लागि आवश्यक योग्यता मापन गर्ने मापदण्ड र सूचकहरु उपदफा २ अनुसार तोकिए बमोजिम हुनेछ।

(४) उपदफा १, २ र ३ बमोजिम योग्यता परीक्षण र स्तर निर्धारण गर्ने समितिले सम्बन्धित विषयका विज्ञहरु संलग्न कार्यदल गठन गरी जिम्मेवारी दिनसक्नेछ ।

१७. विदेश स्वयंसेवक सम्बन्धी व्यवस्थाः

(१) कामको प्रकृति र मात्राअनुसार विशिष्टस्तरको स्वयंसेवक वा विषय विज्ञको सेवा लिनुपर्ने अवस्थामा प्रचलित सङ्घीय कानुनबमोजिम विदेशी नागरिकलाई स्वयंसेवकका रुपमा परिचालन गर्न सकिनेछ ।

(२) उपदफा नं. १ मा उल्लिखित स्वयंसेवकको सेवाको विषय वा विधाबमोजिम आवश्यक योग्यता नेपाल सरकारबाट निर्धारण भए बमोजिम समितिले लागु गर्ने गराउनेछ ।

(३) यस दफाबमोजिम परिचालन हुने विदेशी स्वयंसेवकले नेपालमा काम गर्न नेपालको प्रचलित कानुनबमोजिम अनुमति प्राप्त राष्ट्रसंघीय निकाय अन्तर्राष्ट्रिय गैरसरकारी संस्था नेपाल रेडक्रस सोसाइटी वा राष्ट्रिय गैरसरकारी संस्था वा व्यवसायिक प्रतिष्ठानमा आवद्ध भई आएको हुनुपर्नेछ ।

(४) यस दफा बमोजिम परिचालन हुने स्वयंसेवकको सेवा शर्त तोकेएबमोजिम हुनेछ ।

(५) विदेशी नागरिकलाई स्वयंसेवकका रुपमा परिचालन गर्न उपदफा ३ मा उल्लिखित सम्बन्धित संस्था राष्ट्रिय ब्युरोमा सूचीकृत भएको हुनुपर्नेछ।

(६) उपदफा ३ मा उल्लिखित सम्बन्धित संस्थाले आफुले परिचालन गर्ने विदेशी स्वयंसेवकको व्यक्तिगत विवरण निजलाई परिचालन गरिने समुदाय र निजले गर्ने कामको विवरण निजलाई सम्बन्धित समुदायमा परिचालन गर्नु अगावै सम्बन्धित जिल्ला प्रशासन कार्यालय र गाउँपालिकामा लिखित जानकारी गराउनुपर्नेछ ।

(७) विपद् अवस्था वा अन्य परिस्थिति अनुसार स्वयंसेवकको आवश्यकता र उपलब्धताका आधारमा दुरसेवाका माध्यमबाट पनि स्वयंसेवकको सेवा लिन सकिनेछ। यस्तो स्वयंसेवकको किसिम विधि र समय अवधि तोकिए बमोजिम हुनेछ।

१८. स्वयंसेवक सङ्गठित हुनुपर्नेः

(१) स्वयंसेवकको रुपमा काम गर्न दफा १२ बमोजिमका अनुमति प्राप्त संघ संस्था वा निकायमा आवद्ध हुनुपर्नेछ।

(२) स्वयंसेवकले परिचालन हुँदा आफु सङ्गठित संस्थाको प्रतिनिधित्व गर्नेछ। जस्तैः नेपाल रेडक्रस सोसाइटीमा सङ्गठित स्वयंसेवक परिचालन हुँदा निजले नेपाल रेडक्रसको प्रतिनिधित्व गर्नेछ ।

(३) उपदफा २ बमोजिम परिचालन हुने स्वयंसेवकले आफु सङ्गठित संस्थाको नियमानुसारको सेवा सुविधा लिनुपर्नेछ।

१९. स्वयंसेवकको आचारसंहिताः

(१) स्वयंसेवकले स्वयंसेवीको रुपमा परिचालन हुँदा साथै व्यक्तिगत जीवनमा समेत असल आचरण र तोकिएको आचारसंहिता पालन गर्नुपर्नेछ ।

(२) स्वयंसेवक परिचालन समितिले स्वयंसेवकले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागु गर्नेछ।

(३) उपदफा २ बमोजिमको आचार संहिता तयार गर्दा प्रदेश तथा राष्ट्रिय समितिले निर्धारण गरेका संहिताको समेत पालना हुने गरी गरिनेछ।

२०. स्वयंसेवकको कार्यकाल सम्बन्धी व्यवस्थाः

(१) स्वयंसेवकको कार्यकाल निजले सेवा गर्ने विधा र कामको प्रकृतिअनुसार स्वयंसेवक परिचालन समितिले तोकेबमोजिम हुनेछ।

(२) सम्बन्धित विधाको कार्य विवरण र कार्यभर अनुसार स्वयंसेवकको उमेर हद निर्धारण गर्न सकिनेछ। गाउँपालिका स्वयंसेवक परिचालन समितिले विभिन्न कामका लागि स्वयंसेवकको उमेर हद निर्धारण गरी लागु गर्नुपर्नेछ।

२१. स्वयंसेवकको क्षमता विकाससम्बन्धी व्यवस्थाः

(१) स्वयंसेवकहरुको क्षमता विकासका लागि स्वयंसेवक परिचालन समितिले देहायबमोजिमका काम गर्नेछ;

क. स्वयंसेवकको कामको प्रकृति र कार्यक्षेत्रसँग सम्बन्धित विषयगत तथा सिपमूलक तालिम प्रदान गर्ने गराउने ।

ख. तालिम प्राप्त स्वयंसेवकलाई तोकिएको कामको लागि आवश्यक मेशिन उपकरण औजार र सामग्रीहरु उपलब्ध गराउने।

ग. सम्भावित विपदमा आधारित कृत्रिम घटना अभ्यास गराउने ।

घ. क्षमता विकाससम्बन्धी अन्य काम गर्ने ।

(२) स्वयंसेवकको क्षमता विकासका लागि आवश्यक ज्ञान सिप र तालिमको मापदण्ड र स्तर निर्धारण गर्न पाठयक्रम विकास गर्न अभ्यास गर्न गराउनका लागि गाउँपालिका स्वयंसेवक परिचालन समितिले आवश्यक समन्वय र सहजफकरण गर्नुपर्नेछ।

२२. स्वयंसेवक परिचालन सम्बन्धी व्यवस्थाः

(१) स्वयंसेवक परिचालन गर्दा गराउँदा देहायबमोजिम गर्नु गराउनुपर्नेछ।

क. स्वयंसेवक परिचालन समितिले स्वयंसेवक परिचालन गरिने विकास योजना वा संभावित विपद्को प्रकृतिअनुसारको कार्ययोजना बनाई स्वयंसेवकको क्षमता विकास र साधन स्रोतको व्यवस्थापन गरी स्वयंसेवक परिचालन गर्ने गराउने छ।

ख.  स्वयंसेवक परिचालन समितिले स्वयंसेवकको परिचालनको अभिलेख राख्ने साथै राष्ट्रिय तथ्याङ्क प्रणालीमा प्रविष्ट गर्नेछ।

ग. स्वयंसेवक परिचालन समितिले राष्ट्रिय स्वयंसेवक ब्युरो प्रदेश साथै सम्बन्धित संघ संस्थासँग परामर्श गरी विपद् व्यवस्थापनमा स्वयंसेवक परिचालन गर्ने कार्यविधि तयार गरी लागु गर्नुपर्नेछ।

घ. स्वयंसेवकहरुको काम कर्तव्य र आचार संहिताको पालना गर्ने गराउने दायित्व स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ संस्था निकायको हुनेछ।

२३. स्वयंसेवकको विमा र स्वास्थ्य उपचार सम्बन्धी व्यवस्थाः

(१) स्वयंसेवक परिचालन समितिले स्वयंसेवक सङ्गठित गर्ने संस्था र स्वयंसेवक सूचीकरण गर्दा स्वयंसेवकको स्वयंसेवा अवधिको औषधि उपचार र दुर्घटना विमा भएको सुनिश्चित गर्नुपर्नेछ।

(२) विभिन्न संघ संस्था निकायका स्वयंसेवकको औषधि उपचार र दुर्घटना बिमा सम्बन्धित संघ संस्थाले गर्नु गराउनु पर्नेछ।

(३) यदि कुनै संघ संस्थाले स्वयंसेवकको औषधि उपचार र दुर्घटना विमा गर्नु गराउनु असमर्थ भएमा स्वयंसेवक परिचालन समितिले गराउनुपर्नेछ।

२४. स्वयंसेवकको सेवामुक्त सम्बन्धी व्यवस्थाः

(१) स्वयंसेवकले पालना गर्नेपर्ने वियम आचारसंहिता अनुशासनको पालना नगरेमा स्वयंसेवक परिचालन समितिले स्वयंसेवकबाट हटाउन सम्बन्धित संघ संस्थालाई निर्देशन दिनेछ । संस्थाले सो निर्देशनको तत्काल लागु गर्नुपर्नेछ।

(२) स्वयंसेवकले कुनै कसुर गरेमा निजको कसुरको मात्रा र प्रकृति बमोजिम सम्बन्धित निकायबाट प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

२५. स्वयंसेवकको सेवा स्तरोन्नति र निवृत्ति सम्बन्धी व्यवस्थाः

(१) राष्ट्रिय स्वयंसेवक व्युरोले स्वयंसेवकको कार्य क्षमताको स्तरोन्नति गर्न मूल्याङ्कन कार्यविधि र सूचकहरु निर्धारण गरी कार्यसमितिबाट स्वीकृत भएपछि लागु गर्नेछ।

(२) गाउँपालिकाका स्वयंसेवक परिचालन समितिले स्वयंसेवकको सेवा अवधि र योगदानका आधारमा गरिने सम्मान लगायतका विविध विषयमा कार्यविधि र मापदण्ड तयार गरी गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि लागु गर्नेछ ।

२६.स्वयंसेवाको कदरः

(१) स्वयंसेवकको कार्यसम्पादन मूल्याङ्कनको आधारमा स्वयंसेवक परिचालन समितिले स्वयंसेवकलाई पुरस्कृत गर्ने साथै अन्य कदर गर्नसक्नेछ।

## परिच्छेद — ५

## प्रारम्भिक विधि

२७. बजेट तथा अन्य स्रोतको व्यवस्थाः

(१) विभिन्न विधामा स्वयंसेवक सङ्गठित गर्न क्षमता विकास गर्न र परिचालन गर्न आवश्यक बजेट तथा आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ।

क. तोकिए बमोजिमका कामको लागि गाउँपालिकाले आवश्यक बजेटको व्यवस्थापन गर्नेछ।

ख. सरकारी निकाय गैरसरकारी संघ संस्था वा निजीक्षेत्रबाट खटिएका स्वयंसेवकहरुको मानवोचित न्यूतम खर्च स्वास्थ्य तथा दुर्घटना लगायतका बिमाको प्रवन्ध र अन्य उचित व्यवस्था सम्बन्धित स्वयंसेवक सङ्गठित भएको संघ संस्थाले गर्नुपर्नेछ।

ग. स्वयंसेवक परिचालन समितिमा सुचीकृत सबै स्वयंसेवकहरु तोकइका विकास सेवा, सामाजिक सेवा, विपद् पूर्वतयारी अभ्यास र विपद् प्रतिकार्यमा खटिँदा दुर्घटना स्वास्थ्य उपचार विमा गराएको हुनेछ।

घ. सामान्यतया स्वयंसेवक सङ्गठित भएको संघ संस्थाले स्वयंसेवकले गर्ने कामको प्रकृति कार्यक्षेत्र र कार्यबोझ अनुसार स्वयंसेवकमा खट्दा आवश्यक पर्ने न्यूनतम बन्दोबस्तीका सामग्री,पोशाक,व्यक्तिगत सुरक्षा र आधारभूत आवश्यकता सम्बोधन गर्न सेवा सुविधा उपलब्ध गराउनुपर्नेछ ।

(२) गाउँपालिकाले स्वयंसेवक परिचालन गर्दा भएको खर्चको फाँटवारी राख्ने र आर्थिक कारोवारको लेखापालन र लेखापरीक्षण गराउने साथै समयसमयमा खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ।

(३) स्वयंसेवक सङ्गठित भएको संघ संस्थाले स्वयंसेवक परिचालन गर्दा भएको खर्चको फाँटवारी राख्ने र आर्थिक कारोवारको लेखापालन र परीक्षण गराउने साथै समयसमयमा खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ।

(४) गैरसरकारी संघ संस्था निजी प्रतिष्ठान र मानवीय सहायतामा काम गर्ने सङगठनहरु मार्फत परिचालन हुने स्वयंसेवक परिचालन खर्चको लेखा परीक्षण प्रचलित कानुनबमोजिम सम्बन्धित संघसंस्थाले गराउनुपर्नेछ।

२८. स्वयंसेवकको अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्थाः

(१) स्वयंसेवकले गरेका कामको अनुगमन तथा मूल्याङ्कन स्वयंसेवक परिचालन समितिले एक कार्यदल गठन गरी उक्त कार्यदलले पूर्व निर्धारित मापदण्ड र सूचकहरुका आधारमा गर्ने गराउने छ।समितिले मापदण्ड र सूचकहरु निर्धारण गर्नेछ ।

(२) उपदफा १ बमोजिम कार्यदलमा सम्बन्धित संघसंस्थाका प्रतिनिधि साथै विषय विज्ञलाई समेत समावेश गर्नुपर्नेछ ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले स्वयंसेवकको काम कर्तव्य पालन अनुशासनको अनुगमन र मूल्याङ्कन गर्न गराउन सक्नेछ।

(४) उपदफा १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयंसेवक सङ्गठित भएको संघसंस्था निकायले आफुसँग सङ्गठित स्वयंसेवकको अनुगमन मूल्याङ्कन गर्न बाधा पुर्‍याएको मानिने छैन ।

२९. प्रतिवेदन बुझाउनुपर्नेः

(१) कुनै एउटा काममा स्वयंसेवक परिचालन भै सेवा समाप्त भएपछि स्वयंसेवक परिचालन गर्ने संघसंस्था निकायले स्वयंसेवकको काम तथा अन्य आवश्यक विवरण सहितको प्रतिवेदन तयार गरी समितिमा पेश गर्नुपर्नेछ।

(२) स्वयंसेवकले दैनिक गरेका कामको प्रगति विवरण तोकिएको फाराममा भरी आफु सङ्गठित संस्थालाई आवधिक प्रतिवेदन बुझाउनु पर्नेछ।

(३) उपदफा २ बमोजिमको जानकारी समिति वा गाउँपालिकाका प्रतिनिधि ,कर्मचारीले माग गरेका बखतमा स्वयंसेवकले उनीहरुलाई पनि देखाउनुपर्छ।

३०. आपतकालीन अवस्थामा स्वयंसेवक परिचालन सम्बन्धी व्यवस्थाः

(१) आपतकालीन अवस्थामा तत्कालै स्वयंसेवक परिचालन हुने समितिबाट देहायबमोजिम गरिनेछ।

क. स्वयंसेवक तथा सम्बन्धित संघसंस्थाको आधारित विवरण दुरुस्त गरी राखिनेछ।उक्त विवरण सर्व साधारणइको पहुँचमा हुने गरी वेभ पोर्टललगायतका माध्यमबाट प्रकाशन गरिनेछ।

ख. आपतकालीनमा अवस्थामा जस्तै विपद उद्धार र राहतमा काम गर्ने स्वयंसेवकलाई शर्तनामा कार्यसूची आचारसंहितालगायतका सबै कागजातहरुमा अग्रीम सहीछाप गरी आवश्यक परेका वखत स्वतः परिचालन हुने वातावरण मिलाइनेछ।

ग. आपतकालीनमा अवस्थामा परिचालन हुने स्वयंसेवकलाई निजको सेवाक्षेत्र समेत पहिचान हुने गरी निज सङ्गठित संस्था मार्फत् परिचय-पत्र उपलब्ध गराइने छ।

घ. स्वयंसेवकहरुको सम्पर्क फोन नं. सहितको सूची तयार गरी सम्बन्धित संघसंस्था निकायहरुलाई जानकारी गरिनेछ ।साथै स्वयंसेवकको अवस्था वा विवरण परिवर्तन भएमा तत्काल अद्यावधिक गरी जानकारी गराइने छ।

ङ. सूचीकृत संघसंस्था निकायलाई आपतकालीन अवस्थामा तोकिएको सेवा गर्न स्वयंसेवक परिचालन गर्न अख्तियारी प्रदान गरिनेछ। यस्तो अख्तियारी प्राप्त संघसंस्था निकायले आवश्यक समन्वय गरी तत्कालै उपयुक्त स्वयंसेवक परिचालन गर्नसक्नेछ।

३१. कार्यविधि निर्देशिका कार्यान्वयन गर्न आवश्यक व्यवस्थाः

(१) निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित संघसंस्था निकायसँग समन्वय सहकार्य गरी स्वयंसेवक परिचालन समितिले कार्यविधि मापदण्ड र योजना तयार गरी लागु गर्न सक्नेछ।

(२) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयंसेवक सङ्गठित तथा परिचालन गर्ने संघसंस्था निकायले नेपालको प्रचलित कानुनको बिपरित नहुने गरी स्वयंसेवक तथा स्वयंसेवा सम्बन्धी मापदण्ड आचारसंहिता योजना आदि लागु गर्न वाधा पुऱ्याएको मानिने छैन ।

३२. वाधा अड्काउ फुकाउने सम्बन्धमाः

यो निर्देशिका कार्यान्वयन गर्दा कुनै द्विविधा वा वाधा आइपरेमा गाउँपालिकाको कार्यपालिकाले वाधा अड्काउ फुकाउने वा द्विविधा निवारण गर्नेछ।

३३. निर्देशिका परिमार्जनसम्बन्धी व्यवस्थाः

(१) स्वयंसेवक परिचालन समिति आवश्यकता अनुसार यो निर्देशिकाको अनुसूचीहरुमा आवश्यकता अनुसार परिमार्जन गर्न वा अनुसूचीमा थपघट गर्न सक्नेछ।

## अनुसूची- १

## सम्झौताको ढाँचा

राप्तीसोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके र स्वयंसेवकका बीच गरिएको आपसी सम्झौता ।

लिखितम् हामी तपशीलका पक्षहरु आगे राप्तीसोनारी गाउँपालिका गाउँकार्यपालिकको कार्यालय अगैया,बाँके (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र ........ जिल्ला .........गाउँपालिका वडा नं.....बस्ने वर्ष.......को श्री..............(जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) का बीच मिति........मा

सम्झौता भई एक एक प्रति लियौं - दियौं।

१. दोस्रो पक्षले गर्नु पर्ने मूख्य — मूख्य कार्यको विवरणः

क. आफुलाई खटाइएको कार्यालय र क्षेत्रमा गई तोकिएको कामकाज गर्ने।

ख. प्रथम पक्षले तोकेको कार्य समयानुसार तोकिएको निकायमा हाजिर भइ प्रथम पक्षले उपलब्ध गराएका हाजिरी खातामा हाजिरी गरी काम गर्नुपर्नेछ ।उक्त हाजिरी प्रमाणित भएपछि मात्र गाउँपालिकाले तोकेअनुसारको निर्वाह भत्ता दैनिक यातायात तथा खाजा खर्च भुक्तानी हुनेछ।

ग. दोस्रो पक्षले बुँदा ख मा उल्लेखित बाहेक कुनै पनि किसिमको सुविधा पाउने छैन ।

घ. दोस्रो पक्षले आफ्नो जिम्मामा रहन आउने प्रथम पक्षको चल अचल सम्पति हिफाजत साथ प्रयोग गरी कार्य सम्पन्न भए पश्चात् प्रथम पक्षलाई बुझाउनुपर्नेछ।

२. प्रथम पक्षको जिम्मेवारी

क. प्रथम पक्षले दोस्रो पक्षलाई मासिक रुपमा निर्वाह भत्ता दैनिक यातायात तथा खाजाखर्च वापत रु......(अक्षरेपि........मात्र)उपलब्ध गराउने छ।

ख. दोस्रो पक्षको काम सन्तोषजनक नभएमा प्रथम पक्षले पन्ध (१५) दिनको सूचना दिई यो करार सम्झौता भंग गर्न सक्नेछ।

३. यो सम्झौता मिति......देखि.....सम्म कायम रहनेछ।कायम रहने मिति भन्दा पछि यस सम्झौताका कारण प्रथम पक्ष माथि दोस्रो पक्षले कुनै दायित्व सिर्जना गर्न पाउने छैन।

४. दोस्रो पक्षले प्रथम पक्षलाई हानी हुने काम गरेमा वा सम्झौताबमोजिमको कार्य नगरेमा जुनसुकै बेला करार भंग गर्न सकिने छ। हानी नोक्सानी भएमा सोको क्षतिपूर्ति कानुनबमोजिम असूल उपर गर्न यो सम्झौताले बाधा पुर्याउने छैन।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| दस्तखतः | ठेगानाः |
| पदः | दस्तखतः |
| रोहवरः | रोहवरः |
| साक्षीः | साक्षीः |
| नामः | नामः |
| दस्तखतः | ठेगानाः |
| ठेगानाः | |
| पदः | दस्तखतः |

कार्यालयको छाप

इति सम्बत २०......साल.....महिना.....गते रोज.....शुभम्।

## अनुसूची – २

## तालिम प्राप्त स्वयंसेवकहरुको विवरण

| क्र सं | तालिम लिने व्यक्तिको /स्वयंसेवकको नाम थर | स्थायी ठेगाना | लिङ्ग | उमेर | जातियता | अपाङ्गता | सम्पर्क फोन | तालिमको अनुभव विषय र तह | तालिम अवधि र दिन | क्षेत्र (विपद् व्यवस्थापन स्वास्थ्य तथा सरफाई शिक्षा वन तथा वातावरण आदि) | कार्य अनुभव (महिना वर्ष) | हाल आवद्ध निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

# अनुसूची – ३

## स्वयंसेवकलाई दिइने पत्रको ढाँचा

श्री.................................. मिति..................

विषयः स्वयंसेवक तोकिएको सम्बन्धमा ।

तपाईलाई राप्तीसोनारी गाउँपालिकाको स्वयंसेवक परिचालन निर्देशिका २०७७ अनुसूची – १ को सम्झौता बमोजिम मिति.......देखि.......सम्म यस गाउँपालिकाको कार्यालय /....नं वडा कार्यालयमा स्वयंसेवक भई कार्य गर्ने गरी तोकिएको छ। तोकिएका कार्यक्षेत्रमा गई सुम्पिएका जिम्मेवारीलाई स्वयंसेवाभावको अठोट लगनशीलता एवं ईमान्दारीतापूर्वक गर्नुहुनेछ भन्ने अपेक्षा राखिएको छ।

| फोटो |
|---|

.............................

विपद् व्यवस्थापन शाखा प्रमुख

## अनुसूची — ४ (क)

स्वयंसेवक दर्ता फाराम (database मा विवरण राख्ने प्रयोजन समेतका लागि)

दर्ता नं. ……

<table>
<tr><td rowspan="2">१.स्वयंसेवकको नाम थर</td><td colspan="3">नेपाली</td><td colspan="2">अंग्रेजी</td></tr>
<tr><td colspan="3"></td><td colspan="2"></td></tr>
<tr><td rowspan="2">२.स्थायी ठेगाना</td><td>जिल्ला</td><td>नपा/गा.पा.</td><td>वडा नं.</td><td colspan="2">गाँउ/टोल</td></tr>
<tr><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td rowspan="3">३.हालको ठेगाना</td><td>जिल्ला</td><td>नपा/गा.पा.</td><td>वडा नं.</td><td colspan="2">गाँउ/टोल</td></tr>
<tr><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>फोन नं.</td><td colspan="2">इमेल</td><td colspan="2">फ्याक्स</td></tr>
<tr><td colspan="3">४.जन्ममितिः……गते…..महिना……साल</td><td colspan="2">५.लिङ्गः महिला/पुरुष/अन्य</td><td>६.धर्मः</td></tr>
<tr><td>७.रक्त समूहः</td><td colspan="5">८.बाबु/आमा/श्रीमान/श्रीमतीको नामः</td></tr>
<tr><td colspan="2">९.नागरिकता/पासपोर्ट नं.</td><td colspan="4">१०.सवारी चालकअनुमतिपत्रको प्रकार</td></tr>
<tr><td colspan="6">११.अन्य संस्थामा हालको संग्लनता</td></tr>
<tr><td colspan="6">१२.शैक्षिक योग्यता (उच्चतम)</td></tr>
<tr><td colspan="6">१३.प्राप्त तालिमको विवरण(भएमा उल्लेख गर्ने)</td></tr>
</table>

| क्र.सं. | विषय | समयावधि | तालिमलिने संस्था |
|---|---|---|---|
| | | | |
| | | | |

<table>
<tr><td colspan="5">१४.नेपाल रेडक्रसको सदस्य(भएमा मात्र) सदस्यता लिएको मिति२०..../.../..</td><td>सदस्यको प्रकारः.......</td></tr>
<tr><td colspan="6">१५.स्वयंसेवकगर्न चाहेको क्षेत्रः(कुनै एकमा चिन्ह लगाउनु होला) चिन्ह लगाउने</td></tr>
<tr><td>विपद् व्यवस्थापन शाखा</td><td>वातावरण व्यवस्थापन शाखा</td><td>पूर्वाधर विकास शाखा</td><td>महिला वालवालिका लैङ्गिक समानता र सामाजिक समावेशीकरण शाखा</td><td>स्वास्थ्यशाखा</td><td>शिक्षाशाखा</td></tr>
<tr><td>सहकारी शाखा</td><td>योजनाशाखा</td><td>कृषिशाखा</td><td colspan="3">अन्य</td></tr>
<tr><td colspan="6">१६.सेवागर्न चाहेको स्थानः गाउँपालिका/वडा नं. समयः महिना.......बार.......घण्टाः.......</td></tr>
<tr><td colspan="6">१७.विषेश दक्षताभएः</td></tr>
<tr><td colspan="6">१८. रेडक्रस वा अन्य संस्थामा स्वयंसेवाको अनुभव(भएमा तल उल्लेख गर्ने)</td></tr>
</table>

| क्र.सं. | स्वयंसेवाप्रदान गरेको कार्य विवरण | स्थान | समयावधि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

मिति................

स्वयंसेवकको दस्तखत .............

रासीसोनारी गाउँपालिकामा स्वयं सेवागर्न प्रतिबद्ध हुनु भएकोमा धन्यवाद।

## अनुसूची – ४ (ख)

photo

Volunteer registration form (for the purpose of database)

Registration no ………………..

| 1.Volunteer Name | Nepali | | English use capital letter | |
|---|---|---|---|---|
| | | | | |
| 2.Permanent Address | District | Municipality/Rural | Ward no | Village/Tole |
| | | | | |
| 3.Contact Address | District | municipality / rural | Ward no | village/tole |
| | | | | |
| | Phone No | Email: | | Fax: |

| 4.Date Of Birth……..Day…..Month………….Year | 5.Sex Female/Male/Others | 6.Religion: |
|---|---|---|

| 7.Blood Group | 8.Citizenship/Passport No |
|---|---|
| 9.Driving License Heavy/Light | 10.Father/Mother/Spouse Name |

| 11.Involvement In Other Organization | | | |
|---|---|---|---|
| 12.Academic Qualification Highest | | | |
| 13.Trainings Details Write In Below Box | | | |
| S.N | Training Name | Duration | Organizer |
| | | | |
| | | | |

| 14. Nrcs Membership If Yes Taken Date 20……/…../…… | Type Of Membership |
|---|---|
| 15.Inwhich Sector You Want To Be A Volunteer Please Do Tick In The Below Box | |

| | | | | | |
|---|---|---|---|---|---|
| Disaster Managemcnt Section | Environment Managcment Section | Infrastructure Development Section | Women Children & Gesi Section | Health Section | Education Section |
| Cooperative Section | Planning Section | Agriculturw Section | Others | | |

| |
|---|
| 16.In Wluch Place And Time You Want To Do A Volunteer Please Do Tiek And Write Time |
| 17.Any Special Capalilities If Yws |
| 18.Experiences Of Red Cross Or Other Organization If Yes Write Inbelow Box |

| S.N | Volunteering Job | Place | Duration |
|---|---|---|---|
| | | | |
| | | | |

Date………….

Volunteers Signature…………………

Thank you very much for your interest to be a volunteer of Rapti Sonari Rural Municipality.

## अनुसूची — ५ (क)

## राप्तीसोनारी गाउँपालिकाका स्वयंसेवकहरुका लागि आचार — संहिता

राप्तीसोनारी गाउँपालिकाको स्वयंसेवकको हैसियतले म देहाय बमोजिम प्रतिबद्धता व्यक्त गर्दछुः

१. मानवीय पीडालाई कम गर्न र समावेशी विकास निर्माणमा सदा सचेत हुनेछु र प्रत्येक व्यक्तिलाई आदर गर्नेछु ।

२. द्विविधापूर्ण अवस्थामा निर्णय गर्नु भन्दा पहिले गाउँपालिका तथा यस अन्तर्गत वडा कार्यालयहरु, सम्बन्धित विषयगत शाखाहरु लगायतका सरोकारवाला निकायहरुसँग परामर्श लिनेछु।

३. गाउँपालिकाद्वारा गरिने आह्वान र सुम्पिने उत्तरदायित्व वहन गर्न तयार भई सहयोग गर्नेछु।

४. आफ्नो क्षमता अनुसार सेवा कार्यको जिम्मा लिनेछु र लचिलोपन तथा सतर्कतापूर्वक त्यस प्रकारका कार्य सम्पन्न गर्नेछु।

५. गाउँपालिकाको विद्यमान ऐन नीति तथा कार्यक्रमहरुसँग परिचित भई यस संस्थालाई सवल पार्न मदत गर्नेछु।

६. सहकर्मी स्वयंसेवक/सदस्यहरु लगायत सम्बन्धित सबैसंग सकारात्मक सम्बन्ध स्थापना गर्दै पारस्परिक समझदारीको प्रबर्द्धन गर्नेछु।

७. राष्ट्रियता जात-जाति लिङ्ग राजनीतिक आस्था वा धार्मिक विश्वासको आधारमा भेदभाव नगरी आफना कर्तव्यहरु पूरा गर्नेछु।

८. आफूले सहयोग गरिएका व्यक्तिहरुको विश्वास तथा आत्म-सम्मानको रक्षा गर्नेछु।

९. सङ्कटाभिमुख समुदायको पक्षमा बहस गर्दै उच्च गुणस्तरीय सेवा प्रदान गर्न यथासम्भव प्रयत्नशील रहनेछु।

देहाय बमोजिम काम-कार्यबाहीहरु नगर्ने प्रतिबद्धता व्यक्त गर्दछुः

१. राप्तीसोनारी गाउँपालिकाका साधन र स्रोतहरुको प्रयोगका सम्बन्धमा आधिकारिक निकाय/पदाधिकारी/व्यक्तिको पूर्व स्वीकृत विना कसैलाई पनि वचनबद्धता प्रकट गर्ने छैन।

२. व्यक्तिगत स्वार्थको निम्ति राप्तीसोनारी गाउँपालिकाको कुनै पद चिह्न र साधन तथा स्रोतहरुको दुरुप्रयोग गर्नेछैन।

३. राप्तीसोनारी गाउँपालिकाको स्वयंसेवकको हैसियतमा प्राप्त ब्याज, परिचय-पत्र तथा लोगो अंकित अन्य वस्तुहरु सम्बन्धित कार्यमा बाहेक अन्य प्रयोजनकालागि प्रयोग गर्ने छैन।

४. संस्थागत आदान-प्रदान वा बिक्रीबाट हुने फाइदा आफनो वा अरु कसैको अनुचित व्यक्तिगत लाभकालागि राप्तीसोनारी गाउँपालिकाको आफनो सदस्यता/पद/दर्जाको प्रयोग गर्ने छैन।

५. राप्तीसोनारी गाउँपालिकाको विरुद्ध आँच आउने र भ्रष्टाचार लगायतको कुनै पनि किसिमको कार्य गर्ने छैन।

नाम..............दस्तखत...........मिति.............

अनुसूची — ५ (ख)

**Rapti Sonari Rural Municipality code of conduct for volunteers**

As a volunteer of Rapti sonari Rural Municipality I express my commitment of Follows

1. I will be always aware to reduce human suffering and inclusive development with respect to every person.
2. Before taking decision on dualistic matters I will consult the municipal structure including wards sectorial office and concerned authorities keeping in view its ideals and principles.
3. I will willingly support as appealed by the municipal bodies keeping in view the ideals and principles.
4. I will take the responsibility of service work as per my ability and carefully carry out such works with flexibility.
5. I will assist the society to strengthen it being aware of its constitution policy rules regulation and action plan of the municipality.
6. I will promote understanding with all including fellow volunteers/members establishing harmonious relationship.
7. I will fulfil my duties without any discrimination based on nationality caste gender political opinion or religious belief.
8. I will protect the belief and self- respect of the people I serve.
9. I will advocate for the vulnerable people and will try to give them quality services in every possible way.

   I express my commitment not to these acts.

   1. I will not commit to anyone regarding the use of equipment/properties of /Rapti Sonari Rural Municipality without prior consent of the authorized body/office-bearer or person.
   2. I will not misuse my position emblem and property of the Rapti Sonari Rural Municipality for personal benefit.
   3. I will not use the batch identity card other articles with Rapti Sonari Rural Municipality emblem received as a volunteer of the municipality in any purpose other than in the works of municipality.
   4. I will not use Rapti Sonari Rural Municipality membership/position/post for the illegal benefit of others or myself through institutional transaction or sales.
   5. I will not indulge into any acts including corruption that hampers the image of the Rapti Sonari Rural Municipality.

      Name…………………signature……………………date…………………

## अनुसूची-६

### स्वयंसेवकले गाउँपालिकामा बुझाउनुपर्ने प्रगति प्रतिवेदनको ढाँचा मासिक प्रगति प्रतिवेदनः

मिति.................देखि.................सम्म

| सि.नं. | अवधिको लक्ष्य साप्ताहिक,पाक्षिक,मासिक...........आदि | लक्ष्य हासिल गर्न गरेको कार्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

आज्ञाले
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत